म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २१० २०८१ असार ८ गते शनिबार 22 June 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## गाँजासहित एक जना पक्राउ

हेटौंडा: पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेबाट मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरको छ। पक्राउ पर्नेमा धनुषा जिल्ला लक्ष्मनिया गाउँपालिका-६, बस्ने २८ वर्षीय मोहम्द मुस्ताख राइन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। बिहीबार हेटाँडाबाट पथलैयातर्फ जाँदै गरेको ना ७ ख १०५२ नम्बरको बसलाई सुरक्षा जाँच गर्दा बसमा सवार मोहम्दको साथबाट लागूऔषध गाँजा बरामद गरेको थियो। प्रहरीले मोहम्दको साथबाट ३ किलो १ सय ७० ग्राम गाँजा बरामद गरेको जनाएको छ। लागूऔषध गाँजासहित मोहम्दलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको प्रहरीले जानकारी दिएको छ।

### प्रशासकीय अधिकृतको सरुवाको बहाना

# हेटौँडाको नगरसभा गुपचुपमै, बजेट पारित




समाज संवाददाता

हेटौँडाः प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरीको सरुवाको बहानामा हेटौँडा उपमहानगरपालिकाले २०८१ साल असार १० गतेका लागि बोलाएको नगर सभा बैठक गुपचुपरुपमा २०८१ असार ७ गते शुक्रबार नै सम्पन्न गरेको छ। प्रशासकीय अधिकृत सरुवाको बहानामा गुपचुपमै नगर सभाको आयोजना गरिएको छ। शुक्रबार बिहान हेटौँडा-२ स्थित पल्पसा प्याराडाइज होटलमा नगर सभाको आयोजना गर्दै गर्दा सञ्चारकर्मी र अन्य सरोकारवालालाई जानकारी समेत दिइएको थिएन। यसअघि २०८१ असार २ गते नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रममा पनि सञ्चारकर्मी र सञ्चार माध्यमलाई औपचारिक जानकारी गराइएको थिएन।

असार २ गते नगर प्रमुख मीना कुमारी लामाले नीति तथा कार्यक्रम प्रस्तुत गर्न भनेर आव्हान गरिएको नगर सभामा नगर उपप्रमुख राजेश बानियाँले आकस्मिकरुपमा बजेट समेत प्रस्तुत गर्नुभएको थियो। नगर सभाका सदस्यलाई समेत नगर प्रमुख लामाले नीति तथा कार्यक्रम मात्रै प्रस्तुत गर्ने भनिएको सभामा उपप्रमुख बानियाँले बजेट प्रस्तुत गर्ने जानकारी थिएन।

नगर सभा बैठक भएको भन्ने जानकारी प्राप्त भएपछि असार ७ गते शुक्रबार बिहान साढे ११ बजेको समयमा नगर सभास्थल हेटौँडा-२ स्थित पल्पसा प्याराडाइज होटल पुग्दा आगामी आर्थिक बर्षको बजेट पारित गरेर नगर सभा सदस्यहरु खाना खाँदै थिए। नगर सभा किन अग्रिमरुपमा गरियो भन्ने जिज्ञासामा नगर सभाका सदस्य तथा वडाअध्यक्षहरुले उपमहानगरको प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरीको सरुवा भएकोले अगाडि नै नगर सभा गर्नुपर्ने अवस्था आएको जानकारी दिए। २०८० साल फागुन २३ गते उपमहानगर हाजिर हुनुभएका पुरी छोटो अवधिमै सरुवा लिएर जान लाग्नुभएको हो।

नगर सभाले आगामी आर्थिक बर्ष २०८१/८२ का लागि २ अर्ब ४२ करोड बराबरको बजेट पारित गरिएको एक वडाअध्यक्षले जानकारी दिए। नगर सभाका सदस्यहरुलाई बजेट पुस्तिका समेत वितरण गरिएको थिएन। प्रमुख प्रशासकीय अधिकृत सरुवा भएर जान लागेकाले तयारी गर्न नसकिएकोले नगर सभा सदस्यलाई बजेट पुस्तिका तयार गरेर वितरण गर्न नसकिएको बताइएको छ। बजेटमा एकमुष्ट रकम मात्रै विनियोजन भएको र योजनाअनुसार विनियोजन भइनसकेको एक वडा अध्यक्षले जानकारी दिए। वडाको बजेट कसरी थाहा पाउने भन्ने विषयमा जिज्ञासा राख्दा बजेट पुस्तिका बनेपछि थाहा पाइन्छ भन्ने जानकारी प्राप्त भएको ती वडाअध्यक्षको भनाइ छ।

### प्रदेश सभाको अवरोध हट्यो

# बजेट माथिको छलफल सुरु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा सरकार, सत्तापक्ष दल र प्रमुख प्रतिपक्षी दलबिच ५ बुँदे सहमति भएसँगै प्रदेश सभाको अवरोध हटेको छ। प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले बजेटप्रति असन्तुष्टि जनाउँदै प्रदेशसभा बैठक अवरोध गरेपछि शुक्रबार सरकार, सत्ता पक्षमा रहेका राजनीतिक दल र प्रमुख प्रतिपक्षबीच पाँच बुँदे सहमति भएसँगै प्रदेश सभा बैठक सुरु भएको हो।

प्रतिपक्षी दलले बजेटप्रति उठाएका असहमतिका सवालमा आर्थिक मामिला तथा योजना मन्त्रीले बजेट छलफलका लागि टेबल गर्नुअघि वक्तव्यमार्फत् पेन ड्राइभमा भएको विवरण (प्राविधिक त्रुटी) सच्चाएर किताब प्रकाशन गरी ल्याएको जानकारी गराउने पहिलो सहमति रहेको छ। त्यसैगरी प्राविधिक र कानुनी कार्यविधि मिलाई बजेट सन्तुलित बनाउने पनि सहमति भएको छ।

त्यस्तै, प्रतिपक्षी दलहरुको मागअनुसार कार्यक्रम विवरणमा समावेश भएका कार्यक्रम शीर्षकमा सिलिङभित्रको अपुग रकम थप गर्न सरकार पक्ष सहमति भएको छ। सहमतिपत्रमा मुख्यमन्त्री शालिकराम जम्मकट्टेल, आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलिया, प्रदेश सभा सदस्य कृष्ण खनाल तथा प्रतिपक्षीका तर्फबाट बहादुरसिंह लामा र उद्धव थापाले हस्ताक्षर गरेका छन्। बजेटमाथि विरोध गर्दै बिहिबारदेखि प्रदेशसभा बैठकमा प्रतिपक्षी दल नेपाली कांग्रेस र राप्रपाले अवरोध गर्दै आएका थिए।

प्रदेश सभाको अवरोध हटेसँगै बागमती प्रदेश सरकारको आगामी आर्थिक बर्षको बजेटमाथि छलफल सुरु भएको छ। प्रदेशसभाको शुक्रबार बसेको बैठकमा सरकारको बजेटमाथि सामान्य छलफल भएको थियो। बैठकमा प्रदेश सरकारको बजेटलाई सत्तापक्षका प्रदेश सभा सदस्यले बचाउ गरेका छन् भने प्रतिपक्षी दलका प्रदेश सभा सदस्यहरुले आलोचना गरेका छन्। सत्तापक्षका प्रदेश सभा सदस्यहरुले बजेट प्रभावकारी र समृद्धितर्फ उन्मुख रहेको टिप्पणी गरे भने प्रतिपक्षी दलका प्रदेश सभा सदस्यहरुले बजेट उपलब्धिहीन रहेको बताए।

बजेटमाथिको छलफलमा भाग लिँदै सत्तारुढ दल नेकपा एमालेका प्रदेश सभा सदस्य दिनेशचन्द्र देवकोटाले सरकारले सबैको धारणा सम्बोधन हुने गरी नीति तथा कार्यक्रमअनुकूल बजेट ल्याएको बताउनुभयो। उहाँले सरकारको बजेटलाई सर्वसम्मत पारित गर्न माग गर्नुभएको छ।

'करको दायरा बढाउने विषयमा बजेट केन्द्रित छ। ११९ पालिकाको

....बाँकी पृष्ठ ४ मा




# ५८ काटुन विद्युतीय चुरोट (भेप) सहित ५ जना पक्राउ



अवैध विद्युतीय चुरोट (भेप) सहित पक्राउ परेकाहरुलाई सार्वजनिक गर्दै मकवानपुर प्रहरी।

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडाको थानाभर्याङबाट करिव २ करोड ७० लाख रुपैयाँ बढीको अवैध विद्युतीय चुरोट (भेप) सहित ५ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। प्रहरीले यात्रुबसमा लुकाई ल्याएको अवस्थामा ५८ काटुन अवैध भेप र भेपका फ्लेवरहरु बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

विशेष सूचनाको आधारमा बिहिबार दिनको ४ बजेको समयमा बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले टोलीले अवैध भेप बरामद गरेको हो। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक सीताराम रिजालको कमाण्डमा खटिएको प्रहरीले काठमाडौंबाट हेटौँडा हुँदै भारतको दिल्लीतर्फ जाँदै गरेको ना ६ ख ७१६३ नम्बरको यात्रु बसबाट अवैध भेप बरामद गरेको हो।

प्रहरी उपरीक्षक रिजालका अनुसार बसलाई रोकेर सुरक्षाजाँच गर्दा बसको यात्रु बस्ने सिट माथि सिलिङको भागमा फल्सवटम बनाई भन्सार छलेर ल्याइएको भेप फेला परेको हो। प्रहरीले बससहित चालक दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-२ का ३७ बर्षीय सलाम मोक्तान, सहचालक उदयपुर जिल्लाको कटारी नगरपालिका-११ का २७ बर्षीय प्रविन्द्र राना, नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका-७ का ३० बर्षीय ईन्द्र बहादुर दर्जी, ३० बर्षीय सन्तोष भुसाल र धनकुटा जिल्लाको बेलारा नगरपालिका-१६ का २० बर्षीय राज कुमार हिमाङलाई पक्राउ गरिएको हो।

पक्राउ परेकाहरुले यसअघि पनि विभिन्न समयमा भन्सार छली गरेर अवैध सामानहरु चीनबाट भारत पुर्याउने गरेको प्रहरी उपरीक्षक रिजालले बताउनुभयो। उहाँका अनुसार भारतीय दूतावासबाट रुट परमिट बनाई विभिन्न ट्राभल एजेन्सीको भिजिटिङ कार्डको प्रयोग गरी नेपाल भारत यात्रुलाई सेवा दिने बहानामा बसमा फल्स बटम बनाई भेप तस्करी गर्ने गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ।

एक महिनाका लागि नेपाल, भारत र अन्य देशका यात्रुलाई भारत घुमाउने भनी नेपालस्थित भारतीय दूतावासबाट २०८१ असार ५ मा रोड परमिट लिएको अनुसन्धानको क्रममा खुल्न आएको प्रहरीले जनाएको छ। पक्राउ परेका व्यक्ति र अवैध भेप थप अनुसन्धान तथा कारबाहीका लागि बारा जिल्लाको पथलैयास्थित राजस्व अनुसन्धान कार्यालय पठाउने तयारी गरिएको प्रहरी उपरीक्षक रिजालको भनाई छ।

# कथाले अर्कै मोड लियो

कथा



✍अनुषा उप्रेती

युवराज सुरेन्द्र विक्रम शाहलाई नभई आफ्नो सुपुत्र रणेन्द्र लाई राजा बनाउने रानी राज्य लक्ष्मी देवीको ठूलो बबाउने रानी आकाङ्क्षा थियो । सोही उद्देश्यले गर्दा आफ्नो श्रीमान् सुरेन्द्र शाहसँग पनि उनको मनमुटाब सुरु भइसकेको थियो ा दरबारमा भइरहेको अन्याय, द्वन्द्व र भारदारहरुबिचको असमझदारीलाई मिलाउन नसकेर राजा सुरेन्द्रले पनि आफ्नो गद्दी त्याग गरी भारतमा शरण लिन पुगे ।

आफ्नो श्रीमानले आफ्नो साथै दरबारको साथ छोडेर जाँदा पनि उनलाई त बस आफ्नो छोरा त्यस दरबारको राजा घोषित भएको हेर्न मन थियो । "मेरो छोरा रणेन्द्र राजा नभए त म त्यस सुरेन्द्रलाई पनि यस राज्यको राजा बन्न दिने छैन ।" उनी हरेक भारदार र मन्त्रीहरुलाई पनि यही सङ्कल्प सुनाउथिन् । तर कथाले अर्कै मोड लियो, किनभने त्यस कथाको लेखक उनी नभइ भाग्यकर्ता थिए ।

सुरेन्द्र राजा भइसकेपछि जङ्ग बहादुर राणाले पनि दरवारको नाजुकताको फाइदा उठाउँदै त्यस दरबारमा प्रवेश गरे । साथै रानी राज्यलक्ष्मीलाई पनि, 'अब हजुरले चिन्ता नलिनुस्, रणेन्द्रलाई राजा बनाउने काम मेरो हो, बस हजुर मलाई यस राज्यको अधिकारहरु र राज्यशक्ति सुम्पिदिनुहोस् ।" जङ्रुग बहादुरले रानीलाई आफ्नो जालमा पारि सकेका थिए ।

रानीले पनि लहैलहैमा लागेर जङ्गबहादुरलाई प्रधानमन्त्री र प्रधान सेनापति दुवै बनाइन् । कथाले फेरि पनि अर्कै मोड लियो किनभने यस पटकको कथा जङ्गबहादुरको थियो । श्री पाँच धिराजको शक्ति पाएपछि जङ्गबहादुरले आफ्नो इच्छा विपरीत कार्य गरिरहँदा रानी जङ्गमाथि आक्रोसित भइन् । त्यसैले गर्दा भण्डारखालमा भोज आयोजना गरेर खानामा विष हालेर मार्ने रानीको ठूलो षड्यन्त्र थियो तर अफसोच उनको योजनाले विराट रुप लिन नपाउँदै जङ्गबहादुरलाई उनको यस चालबारेमा जानकारी प्राप्त भयो । जङ्गबहादुरलाई निवार्सित गर्न लागेकी रानी आफैं निर्वासित हुन पुगिन् । "अब त सर्वप्रथम जङ्गबहादुरलाई यस राज्य र सम्पूर्ण अधिकारहरुबाट वञ्चित नगरेसम्म छोरा रणेन्द्रलाई पनि राजा बनाइने छैन ।

*कक्षा १०, नवोदय शिशु सदन*

# नुवाकोट युद्ध

कथा



✍विमर्श श्रेष्ठ

हिमालयको मध्य भागमा गोर्खा नामको सानो राज्य थियो । गोरखाका जनता बहादुर, लचिलो र आफ्ना राजा पृथ्वीनारायण शाहप्रति कडा वफादार थिए । त्यस समयमा तिनीहरुको भूमि धेरै ससाना राज्यमा विभाजित भएका थिए ।

दूरदर्शी शासक पृथ्वीनारायण शाहलाई गोर्खाको शक्ति एकतामा रहेको थाहा थियो । उनले पहाड, उपत्यका र तराई एउटै अखण्ड नेपालको सपना देखेका थिए । उनको महत्वाकांक्षा आफ्नो राज्य विस्तार गर्ने मात्र थिएन तर कुनै पनि बाह्य खतराको सामना गर्ने राष्ट्र निर्माण गर्ने थियो ।

एक दिन पृथ्वीनारायण साहले आफ्ना सबै विश्वासयोग्य मन्त्रीहरू र योद्धाहरूलाई बोलाए । पृथ्वीनारायणले भने, "गोरखाका वीर सिपाहीहरू र बुद्धिमान सल्लाहकारहरू, हाम्रो भूमि छरिएका लाठी जस्तै हो तर सँगै मिलेर हामी अटूट बन्न सक्छौं । छरिएका लाठीहरूलाई एकताबद्ध गरौं र शत्रुहरूको हृदयमा छेड्ने शक्तिशाली भाला बनाऔं । "

उनको भनाइ जनतामाझ गुञ्जियो । सुरुमा हिचकिचाए पनि प्रधानहरूले उनको दर्शनमा बुद्धि देखे । तिनीहरु आफ्नो मतभेद र प्रतिद्वन्द्वीहरूलाई पन्छाएर सेनामा सामेल हुन सहमत भए । एकता अभियान सुरु भयो ।

एकपछि अर्को गर्दै साना रियासतहरू पृथ्वीनारायणको झण्डामुनि परे । नुवाकोटको युद्ध एउटा टर्निङ प्वाइन्ट थियो । नुवाकोट किल्ला अग्लो थियो, भयङ्कर योद्धाहरुले पहरा दिए । पृथ्वीनारायणको सेनाले शाब्दिक र लाक्षणिक दुवै रूपमा उकालो युद्धको सामना गर्यो । सिपाहीहरू पछ्याए, तिनीहरूको हृदय वफादारीले बलिरहेको थियो । उनीहरु गोरखाका लागि मात्र होइन अखण्ड नेपालको सपनाका लागि लडेका थिए ।

सबै सिपाही आफ्नो मर्ने समयसम्म लडे परण्तु नुवाकोटको सेना अत्यन्तै शक्तिशाली थियो । गोर्खाली सेना हर्ने पक्षमा भएकाले सेना पछि हट्यो। पछि रातको अँध्यारोमा कालु पाडे साथ सम्पूर्ण सेनाले नुवाकोट गढ़िमा हमला गरि नुवाकोटमाथि जित हासिल गरे ।

दिनको अथक सङ्घर्षपछि नुवाकोटको किल्ला ढल्यो । पृथ्वीनारायण यसको पर्खालमा उभिए तल घुमिरहेका पहाडहरू हेर्दै उसलाई थाहा थियो कि यो विजय विजय मात्र होइन; यो पर्खालहरू भत्काउने बारेमा थियो-अविश्वास, गर्व र विभाजनको पर्खालहरु ।


*कक्षा १०, नवोदय शिशु सदन*

# विद्यार्थी माझ सामाजिक सञ्जालको प्रभाव

निबन्ध



✍सचित कुमार यादव



आफ्नो इच्छा भावनालाई प्रस्तुत गर्ने, एकअर्कासँग कुराकानी गर्ने, विज्ञान र प्रविधिको अन्तर्गत रहेको माध्यम नै सामाजिक सञ्जाल हो । जस्तै फेसबुक, इन्स्टाग्राम, टिकटक आदि । आजको युग भनेको विज्ञान र प्रविधिको युग हो । यो युगका प्राय: व्यक्तिहरु सामाजिक सञ्जालमा जोडिएर एक अर्कासँग अन्तरक्रिया गर्छन् । त्यसैगरी विद्यार्थी भनेको एक सानो बालक हो, जसले विद्यालयमा गई ज्ञान आर्जन गर्दछ । आजका विद्यार्थीहरु समेत सामाजिक सञ्जालमा जोडिएको पाइन्छ । विद्यार्थीहरुको सिकाई प्रक्रियादेखि व्यक्तिगत जीवनमा सामाजिक सञ्जालले थुप्रै सकारात्मक र नकारात्मक असर पारेको छ ।

सामाजिक सञ्जालमा हामी जस्ता युवाहरुले थुप्रै समय बिताइरहेको हन्छौं । आफ्नो इच्छा लेख्न, कुनै घटनाको तस्बिर अपलोड गर्न, एकअर्कासँग कुराकानी गर्न, छलफल गर्न आदिका लागि हामी सामाजिक सञ्जालको प्रयोग गर्छौं । साथै मनोरञ्जनका निम्ति पनि सामाजिक सञ्जालको प्रयोग गर्छौं । अहिलेको युगमा सामाजिक सञ्जालले महत्वपूर्ण भुमिका निर्वाह गरेको छ । मानिसको दैनिक जीवनमा प्रवेश गरी मानिसको कार्यलाई सहज बनाएको छ । यस्ता सामाजिक सञ्जालले मानिसले घरमै बसी-बसी अरुको बारेमा थाहा पाउने, विश्वभरका गतिविधिबारे जानकारी पाउने योग्य बनाएको छ । यस्ता सामाजिक सञ्जालले सामाजिक सञ्जाल अजित भन्ने केटाले टिकटकको लतमा लागेर टिकटक बनाउन खोला गएकाले उसको निधन भएको थियो । विद्यार्थीहरुको मस्तिष्कमा असर पारेर विद्यार्थी जिवनमा यसले धेरै नकारात्मक असर पारेको छ ।

हामी विद्यार्थी हौं । हरेक कुराको सकारात्मक र नकारात्मक असर हुन्छ भन्ने कुरा हामी सबैलाई थाहा छ । यो कुरा थाहा भएपनि हामी विद्यार्थी सचेत छैनौं । अहिलेको युग विज्ञानको युग भएकाले सामाजिक सञ्जालको उपयोग गर्नु छ । तर समय मिलाएर हामी विद्यार्थीले सामाजिक सञ्जालको प्रयोग गर्न सक्छौं । अति आवश्यक भए मात्र यस्ता सञ्जालको उपयोग गर्ने बानीको उत्थान गर्नु पर्छ । सामाजिक सञ्जालमा धरै बेर समय बितायौं भने हाम्रो पारिवारिक सम्बन्ध टाढा भएकाले यस्तो कहिल्यै गर्न हुँदैन । वास्तविक संसारमा समय बिताई आफ्नो उज्यालो भविष्य निर्माण गर्नपर्छ । अत: हामी सबै विद्यार्थीले यस्ता नकारात्मक असर पर्ने कार्य नगरी आफु समेत आफ्नो परिवारका लागि समय निकाल्नुपर्छ । साथै समय समयमा हामी विद्यार्थीले सामाजिक सञ्जाल विरुद्ध कार्यक्रममा भाग लिई यसको नकारात्मक असरबाट बच्नुपर्छ ।

*कक्षा-१०, सोलिड्यारिटी इन्टरनेशन स्कूल, हेटौंडा-१०*

# म निरन्तर लागिरहेछु



✍सुमि श्रेष्ठ

म निरन्तर लागिरहेछु
हौसला बढाएर
आफूलाई अगाडि
गन्तब्यमा धकेल्दै
मनमा पीडा लुकाएर
कृत्रिम हाँसो फैलाएर
बाटोमा आउने हरेक वाधा
र रोकावटलाई उछिन्दै
आफूलाई राम्रो बनाउने होडमा
आफूमा औंल्याइएका
कमजोरीलाई पूर्ण गर्दै
म निरन्तर लागिरहेछु

न घाम, न पानी, न निन्द्रा, न भोक
न परिवार, न आफ्नो समय,
न कसैको साथ
म रुमलिरहेको छु
प्रोत्साहन, र हौसलाको आशामा
केही पाउने आशमा
संसार जित्ने आँटमा
म निरन्तर लागिरहेछु

पक्कैपनि समय स्थिर छैन
यो निरन्तर आफ्नो गतिमा हिँड्छ
आज उसको छ भने भोलि अर्कोको,
समय बलवान छ निष्पक्ष छ
त्यही निष्पक्षको आशमा
म निरन्तर लागिरहेछु

मुखमा रामराम बोलेर
बगलीमा छुरा
रोप्नेहरुको जमात छ
तर पनि अटल जोश
र हिम्मतका साथ
माया र मिहिनेतले
एकदिन सबको मन जित्न
आत्मविश्वास, सहास
लगनशील, परिश्रम
अनि दृढता लिएर
म निरन्तर लागिरहेछु

*हेटौंडा-२*

## गाउँखाने

१. पोखेको सबै चीज उठाउन हुने, एउटै चीज उठाउन नहुने ।
- कुरा

२. बुढो हुँदै गएपछि गर्छन् सबै माया, नाकमाथि राखी हेर्छन संसारको छायाँ ।
- चस्मा

३. भनौं भने स्वयम् हो बुढेसकालको साथी, काम दिन्छ सबैलाई विशेष गरी राती ।
- लौरो

४. पारी वनमा लट्टा छोडेको ।
- बाबियो

५. रुप हेरे बडेमाको हात्ती भन्दा ठूलो, भित्र जाने एउटा हुन्छ साह्रै सानो दूलो ।
- घर

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं




# चित्रकला






रञ्जु गोले
कक्षा-९, बाल जागृति युवा वर्ष माध्यमिक विद्यालय हेटौंडा-६, हटिया गौरीटार






सुयोग श्रेष्ठ
कक्षा:-५, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४





यमना गौतम
कक्षा-९, जिएस निकेतन हेटौंडा-५

# टुटेको भाग्य



**रितिका गौतम**

अगाडिबाट भन्छन् दाजुभाइ
दुःख पर्दा भन्छन् सबै पराई
आफ्नो पनि खै कसलाई भनु
अरुको लागि किन राम्रो बनु ॥

दुःख पर्दा सबै टाढा भएछन्
सुख पर्दा मात्रै ठिक पार्ने रहेछन्
लिने बेलामा मेरो सबै लिइयो
दिने बेलामा सधैँ धोका दियौ ॥

सबै साथ छोडी गए
दैव पनि निष्ठुरी भए
जे हुनुहुन्थ्यो अब भइगयो
भरोसा गर्नु मेरो गल्ती भयो ॥

जाने जति सबै गइसके
म पनि स्वार्थी भइसके
नराम्रा दिनहरू सबै गयो
बाध्यता केलाई भन्छन् थाहा भयो ॥

दुःख पर्दा साथी मलाई रोज्यो
तिर्ने बेला भाग्न खोज्यो
अब म आफैमा भर पर्छु
नयाँ जीवनको सुरुवात गर्छु ॥

*कक्षा-७, जीएस निकेतन मावि हेटौंडा-५*

# स्काउट जीवन



**रोहन काफ्ले**

स्काउट हो जीवन यात्रा स्काउट छ मेरो मनमा
स्काउट भएरै मर्न र बाँच्न पाऊँ यसै धर्तीमा ।।

स्काउटले आफ्नो जीवनमा ठूलो संघर्ष गर्दछ
स्काउटले अरुलाई दया गर्न कहाँ पछि हट्दछ
आज पनि स्काउटलाई हेला  गर्ने थुप्रै भेटिएका छन्
तर के था तिनलाई दुःख पर्दा सहयोग गर्ने चै स्काउट हुन्छन् ।।

आफ्नो बचनमा बाँदिएका स्काउट सारै दयालु हुन्छन्
मन शुद्ध बचन शुद्ध नत कसैलाई हेला गर्न  जानेकैछन्
न त कुनै धर्म छ यसको न त कुनै जात नै छ
केवल यहाँ यति छ मानवताको नाता छ ।।

मलाई थाहा छ स्काउट विनम्र, स्वयम् सेवक हो
त्यसैले त मैले पनि स्काउटको सदस्य बन्ने अवसर पाएको हो,
स्काउट भएर अरुलाई सेवा गर्दा साह्रै खुशी लाग्दछ
त्यसैले त होला नी मन पनि यसै खुशी हुन्छ ।।

*कक्षा-९, भुटनदेवी मा.वि हेटौंडा–४*

# वन



**सुविधा बस्नेत**

वन बिना छैन जीवन
वन नै हो हाम्रो धन
सास फेर्न सहयोग गर्छ
ताजा फलफुल पनि दिन्छ
वनमा नै छ मेरो मन
यसमा नै छ जीवन
पशुपन्छी जनावरको घर
सास फेर्न सबै तिम्रो भर
रुख रोप्नुपर्छ वन बन्नलाई
सहयोग पिन गर्छ पानी पर्नलाई
वनले नै दिन्छ शितल छाहारी
जोडाई राखौं यसलाई केही नगरी ।

*कक्षा-३, कमाने एकेडेमी, हेटौंडा-८*

# घमण्डी राम

**लघुकथा**



**आरम्भ अधिकारी**

एकादेशमा एउटा गाउँमा राम भन्ने मानिस बस्थो । उसले गाउँलेहरुलाई सताउँथ्यो । उसलाई आफ्नो बलमा धेरै नै घमण्ड थियो । उसले गाउँलेलाई आफ्नो बलको कारणले धेरै नै पिरोल्थ्यो र गाउँमा आफुले भनेको नै मान्नु पर्थ्यो । उसले गाउँलेलाई मन पराउँथेन । गाउँलेले पनि उसलाई मन पराउँथेन । उसले गाउँका सरपञ्चलाई पनि गुलाम जस्तै गर्दथ्यो । गाउँ वरिपरीका प्रहरी पनि उसँग डराउँथे । एक दिन गाउँको चौतारीमा गाउँलेले र सरपञ्चहरु मिलेर रामलाई नबोलाई र थाहा नदिई छलफल गरे । त्यो छलफल एउटा गाउँलेलाई उसको कमजोरी थाहा थियो कि उसलाई डाँकुहरुसँग डर लाग्थ्यो । त्यही छलफल योजना भयो कि १०/१२ जना गाउँले मिलेर डाँकु बन्ने र अरु गाउँलेले उसलाई बचाउने निर्णय भयो ।

एकदिन राम शिवपुर भन्ने गाउँमा जाँदै थियो । त्यो कुरा चाहि गाउँलेले थाहा पाए । १०/१२ जना गाउँले डाकु बनेर जंगलमा गए । किनभने शिवपुर जाँदा यहि बीचमा एउटा जंगल पर्दथ्यो । अरु गाउँले राम पछि-पछि गए । जतिखेर नि डाँकुहरु आए त्यति नै खेर गाउँले झाडीमा लुके । डाँकुहरु आएपछि एकछिन त रामले आफ्नो गोद्यो । तर पछि मार खायो । एकछिन पछि गाउँले आएर रामलाई बचाए, त्यसपछि रामले आफ्नो घमण्डको लागि माफी माग्यो र धन्यवाद पनि भन्यो । त्यसपछि उनिहरु मिलेर बस्न थाले ।

(यो कथाबाट हामीले कहिले पनि घमण्ड गर्न हुँदैन र कमजोर मानिसलाई दुःख दिनु हुँदैन भन्ने शिक्षा पाउँछौं ।)

*कक्षा-६, न्यू होराइजन माध्यमिक विद्यालय, बुटवल रुपन्देही*

# गजल



**बन्दना बुढा मगर**

यी ज्यान भन्दा माया गर्छु  मैले आमा
तिम्रो लागि बाँच्दछु अनि मर्छु मैले आमा ।।

आमा नाम पवित्र शब्द गर्छु मैले धेरै माया
तिम्रो लागि कर्णाली खोला पनि तर्छु मैले आमा ।।

जिन्दगीमा एकपटक मात्र पाउँछौं हामीले आमा
तिम्रो खुशीका लागि सफलताको शिखर चढ्छु मैले आमा ।।

पढ्नु पर्छ ज्ञानी भई ज्ञानको ज्योति बाल्न
बाँचा गर्छु मिहिनेती  भई  पढ्छु मैले आमा ।।

*कक्षा-६, अमर मावि, हेटौंडा-१*

## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।



**सम्पादक ।**

# चित्रकला






भविष्य बस्नेत
कमाने एकेडेमी, हेटौंडा-८

# साताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशिः** सवारी साधन र हातहतियारको प्रयोग विशेष सावधानीपूर्वक गर्दा राम्रो र हन्छ । घरायसी प्रयोजन र व्यापार–व्यवसायका काममा समय व्यतित होला । बन्धुबान्धवबाट सहयोग प्राप्त हुन्छ । महत्वकांक्षाले घाटा होला । यात्रा योग रहेको देखिन्छ । प्रयत्नको काममा पूर्णता प्राप्त होला । स्वास्थ्यप्रति सचेत हुँदा राम्रो । पढाई–लेखाई ठिकै छ ।

**वृष राशिः** मनोरञ्जन र रमझममा रमाइएला । मेजमानीको अनुकुलता प्राप्त हुनेछ । दाम्पत्य सम्बन्ध सुखद होला । प्रेम र मनोरञ्जनका लागि उपयुक्त समय छ । आत्मविश्वास र शिघ्र निर्णय गर्ने क्षमतामा वृद्धि होला । परोपकारका क्षेत्रमा मन आकर्षक होला । स्वास्थ्य अनुकूल होला । घुमघाम र यात्रामा रमाइएला । बौद्धिक क्षेत्र ठिकै रहने समय छ ।

**मिथुन राशिः** आत्मबल र सु–स्वास्थय अनि निर्णायक क्षमताका लागि राम्रो समय छ । आशीर्वादले लक्ष्य प्राप्ति होला । मातृपक्षबाट लाभ प्राप्त हुनेछ । अपरिचित व्यक्तिसँग सजगता अपनाउँदा राम्रो रहन्छ । झगडा र कलहबाट टाढा बस्दा राम्रो । पठनपाठनमा जुटिने समय छ ।

**कर्कट राशिः** ज्ञान र प्रज्ञा बढाउने समय योग छ । बौद्धिक क्षमताले प्रेरणा प्राप्त हुनेछ । सकारात्मक सोच र दृढ इच्छाशक्तिको उपयोग गर्दा नसोचेको लाभ होला । क्रोध र चिडचिडेपन बढ्ला । व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ । व्यक्तित्व विकास र थप अध्ययनको मार्गमा लागिएला । पढाइप्रति दिलचस्पी हुन्छ ।

**सिंह राहिः** आपसी तालमेल र पारिवारीक सम्बन्धलाई सुदृढ बनाइएला । बन्धुबान्धवको सहयोग प्राप्त हुनेछ । व्यापार–व्यवसाय मध्यमकारक छ । तामेलीमा रहेका कामहरु बन्नेछन् । घरायसी कामकारोबारमा समय दिइन पाइने छैन । भेटघाट र कुराकानीमा समय व्यतित होला । पढाइमा बिचलित होला । नकारात्मक स्वास्थय समस्याले धन आघात आइपर्ला ।

**कन्या राशिः** परिश्रमको प्रतिफल पाइएला । शक्ति र प्रतिष्ठामा पनि वृद्धि हुनेछ । मानसिक उर्जालाई उपयोग गर्दा राम्रो । समस्याको सजिलै समाधान होला । व्यापार–व्यवसायमा द्विविधा आइपर्ला । कर्मप्रतिको निष्ठाभावमा वृद्धि हुनेछ । प्रेममा कामको चाप बढ्ला । अध्ययन–अध्यापनमा भने वाधा होला ।

**तुला राशिः** आत्मीय प्रेमको अनुभूति होला । आफन्त र प्रियजनसँगको संयोगले थप आनन्द प्राप्ति हुनेछ । समस्या र चुनौती पन्छाउँन बुद्धिको उपयोग गर्दा राम्रो । सामाजिक र धार्मिक क्षेत्रमा मन जाला । पेशा र नोकरी पनि त्यति अनुकूल नहोला । पढाइ–लेखाइ मध्यमकारक नै छ ।


**वृश्चिक राशिः** जोस जाँगर पलाउँने समय छ । आत्मनिर्णयको क्षमतामा वृद्धि होला । निर्माण र व्यवसायिक क्षेत्रमा मन आकर्षित होला । पढाइ–लेखाइमा वृद्धि हुनेछ । सामाजिक र धार्मिक कृत्यमा सरिक भइने छ । रोकिएका कामहरु बन्नेछन् । भेटघाटमा समय बित्ला । पढाइ–लेखाइ ठिकै छ ।

**धनु राशिः** कामधाममा भन्दा पनि कल्पना र भावनामा केन्द्रित भइने छ । सानातिना जिम्मेवारी  बोक्नुपर्ने समय छ । आर्थिक कारोबारमा सतर्कता अपनाउँदा राम्रो हुन्छ । महत्वकांक्षा राख्नुहुँदैन । व्यवहारिक समस्या र अपजस खप्नुपर्ने समय योग छ । धार्मिक र सामाजिक काममा सरिक भइने छ । पढाइ–लेखाइ ठिकै रहने समय छ ।

**मकर राशिः** बन्दव्यापार र कारोबारबाट सामान्यतया लाभ नै हुनेछ । टाढा रहेका आफन्तसँग सम्पर्क बढ्ला । राजनीति र समाजसेवामा नेतृत्वदायी भूमिका निर्वाह होला । काममा स्थानान्तरणको समय छ । वैदेशिक प्रयोजनका काममा खर्च बढ्ला । परोपकार र सामाजिक काममा सरिक भइने समय छ । अध्ययन–अध्यापन मध्यमकारक नै छ ।

**कुम्भ राशिः** नाम, दाम, प्रतिष्ठा र पुरस्कार प्राप्त होला । प्रेम जीवन निराश रहनेछ । विशिष्ट व्यक्तिको बिचारले प्रभावित भइएला । कर्मप्राप्तिको प्रयासमा सफलता होला । महत्वकांक्षा बढ्नुका साथै नयाँ कामको थालनी होला । काममा मन प्रेमिल बन्नेछ । घरायसी काममा सरिक र पारिवारीक सहयोग प्राप्त होला । पढाइ र धार्मिक कृत्य प्राप्त योग छ ।

**मीन राशिः** आफन्तले निस्वार्थ भावले सहयोग गर्नेछन् । परोपकारी कामबाट प्रशंसा बटुल्न सकिने  छ । मनोरञ्जनात्मक काममा रुची  बढ्ला । धर्मकर्ममा मन जाला । आहारबिहारमा ध्यान पुऱ्याउँनु पर्ला । भाग्यले नचिताएको उपलब्धि प्राप्त होला । कार्यशैलीमा सुधार गर्नुपर्ला । सामाजिक कामबाट लाभ प्राप्त  हुने समय छ ।



### रामहरि श्रेष्ठ हत्या प्रकरण

# काली बहादुर खामलाई थुनामै राख्न आदेश

समाज संवाददाता

हेटौंडाः उच्च अदालत पाटन हेटौंडा इजलाशले काली बहादुर खामलाई पुर्पक्षका लागि थुनामा राख्न जिल्ला अदालत चितवनले गरेको आदेशलाई नै सदर गरेको छ । उच्च अदालत पाटन हेटौंडा इजलाशका न्यायाधीशद्वय शान्ता सेढाई सापकोटा र मेरिना श्रेष्ठको संयुक्त इजलाशले बिहिवार र शुक्रबार दुइदिनको बहसपछि कर्तव्यज्यान मुद्दामा जिल्ला अदालत चितवनको आदेशलाई सदर गर्दै पुर्पक्षमा राख्न आदेश गरेको हो ।

गत २०८० साल चैत २० मा काठमाडौंबाट पक्राउ परेका खामलाई जिल्ला अदालत चितवनले २०८० चैत २३ मा पुर्पक्षमा राख्न आदेश दिएको थियो । उक्त आदेश बदरको माग गर्दै खाम पक्षले उच्च अदालत पाटनमा रिट दायर गरेको थियो । सो मुद्दामा उच्च अदालत पाटन हेटौंडा इजलाशले खामलाई थुनामा नै राख्न आदेश दिएको हो ।

उच्च अदालत पाटन हेटौंडा इजलाशमा खामको पक्षबाट वरिष्ठ अधिवक्ता रामनारायण विडारी लगायतले बहस गरेका थिए भने खामको विपक्षमा वरिष्ठ अधिवक्ता केशव प्रसाद काफ्ले, अधिवक्ताहरु मदन कुमार दाहाल, अमृत कुमार लामा, अप्सरा बस्नेत र मोहनप्रसाद ढकालले बहस गरेका थिए ।

जनमुक्ति सेनाका पूर्वकमाण्डर खाम माथि कोटेश्वर बस्ने रामहरि श्रेष्ठको हत्या गरेको आरोप छ । २०६५ वैशाख २८ मा नारायणी नदीमा श्रेष्ठको शव भेटिएको थियो । चितवनको शक्तिखोरमा जनमुक्ति सेना 'तेस्रो डिभिजन'का कमाण्डर खामको सम्पर्क कार्यालय कोटेश्वरस्थित रामहरि श्रेष्ठको घरमा भाडामा राखिएको थियो । सम्पर्क कार्यालयबाट २०६४ चैत १४ मा हतियार र १७ लाख रुपैयाँ नगद चोरी भएको विषयमा छानविनको नाममा श्रेष्ठको हत्या भएको प्रहरीको अनुसन्धान निष्कर्ष निकालेको थियो ।

माओवादी लडाकुहरुले २०६५ वैशाख १५ मा श्रेष्ठलाई कोटेश्वरबाट शक्तिखोरमा लगेर थुनामा राखी यातना दिएको पीडित परिवारको आरोप छ । शव नारायणीमा भेटिएपछि श्रेष्ठकी पत्नी र मिलाले आफ्ना पतिको अपहरणपछि हत्या गरेको भन्दै किटानी जाहेरी दिएकी थिइन् । खाम नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य समेत हुन् ।

# योग दिवसमा रक्तदान

समाज संवाददाता

हेटौंडाः विश्व योग दिवसको अवसरमा शुक्रबार रक्तदान कार्यक्रम भएको छ । शुक्रबार बिहान हेटौंडाको हुप्चौरमा भएको कार्यक्रममा १८ जनाले रक्तदान गरेका छन् ।

पतञ्जली योग समिति मकवानपुरको आयोजनामा भएको कार्यक्रममा ४ जना महिला र १४ जना पुरुषले रक्तदान गरेका रक्तसंचार केन्द्र हेटौंडाका प्रमुख टंक प्रसाद दाहालले जानकारी दिनुभयो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । यस्तै शनिबार हेटौंडा–८ कमानेमा अस्तित्व ब्यान्डको आयोजनामा रक्तदान कार्यक्रम हुने दाहालले बताउनुभयो ।

# बागमती प्रदेशसभाः विनियोजन विधेयक पेश

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभामा विनियोजन विधेयक पेश भएको छ । प्रदेशसभाको शुक्रबार बसेको बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले विनियोजन विधेयक २०८१ पेश गर्नुभएको हो ।

बैठकमा प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले प्रदेशसभा नियमावली २०७४ को नियम १३३ (५) बमोजिम आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (विनियोजन विधेयक) पेश गर्न अनुमति दिएसँगै मन्त्री थपलियाले विधेयक पेश गर्नुभएको हो । आर्थिक मामिलामन्त्री थपलियाले उक्त विधेयक पेश गरेसँगै प्रदेशसभाको बैठक आगामी असार ११ गते बिहान ११ बजेसम्मका लागि स्थगित गरिएको छ ।

# थाहाको बजेट पारित

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट पारित भएको छ । शुक्रबार भएको नगरसभामा नगरका उपप्रमुख भरत गोपालीले प्रस्तुत गर्नुभएको बजेट सर्वसम्मत पारित भएको हो ।

नगरसभा बैठकमा उपप्रमुख गोपालीले आगामी आर्थिक वर्षका लागि ९१ करोड ९१ लाख ४३ हजार ५ सय रुपैयाँको बजेट प्रस्तुत गर्नुभएकोमा सर्वसम्मतले पारित भएको हो । थाहाको आगामी आर्थिक वर्षको बजेट चालु आर्थिक वर्षमा भन्दा घटेर आएको छ । चालु आर्थिक वर्षका लागि थाहा नगरपालिकाले १ अर्ब ३ करोड रुपैयाँको बजेट ल्याएको थियो । संघ र प्रदेशबाट आउने अनुदान रकम र यस वर्ष राजस्व कम संकलन भएका कारण बजेट घटेर आएको उपप्रमुख गोपालीले बताउनुभयो ।

थाहा नगरपालिकाले आगामी आर्थिक वर्षका लागि चालु खर्चमा ६२ प्रतिशत र पुँजीगत ३८ प्रतिशत विनियोजन गरेको छ । जसमा संघीय सरकारबाट समानीकरण अनुदान १२ करोड २८ लाख, समपूरक अनुदान १ करोड, विशेष अनुदान १ करोड, सशर्त अनुदान ३० करोड ७१ लाख, राजस्व बाँडफाँडबाट १० करोड ६५ लाख ३० हजार गरी जम्मा ५७ करोड ५४ लाख ६ हजार रुपैयाँ आम्दानी हुने अनुमान रहेको छ । यस्तै, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान १ करोड २३ लाख, समपूरक अनुदान ३ करोड, विशेष अनुदान ६५ लाख, सशर्त अनुदान ७ करोड १८ लाख र राजस्व बाँडफाँड ९ करोड ३५ लाख गरी २१ करोड ४३ लाख रुपैयाँ प्राप्त हुने अनुमान छ । नगरपालिकाको आन्तरिक आयतर्फ राजस्व ५ करोड र मालपोत २ करोड गरी ७ करोड रुपैयाँ हुने अनुमान गरिएको छ ।

उपप्रमुख विष्टले कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्दै नीति, कार्यक्रम र बजेट ल्याएको बताउनुभयो । उहाँका अनुसार नगरभित्रका १२ वटा वडालाई ७५-७५ लाखको बजेट सिलिङ तोकेको छ ।

# रास्वपा जनताको अवस्था बदल्न कटिबद्ध छः सभापति लामिछाने

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बागमती प्रदेशका सभापति अच्युतम लामिछानेले रास्वपा जनताको अवस्था बदल्न कटिबद्ध रहेको बताउनुभएको छ । शुक्रबार पार्टी स्थापना दिवसको अवसरमा मकवानपुरमा आयोजित चियापान कार्यक्रममा बोल्नुहुँदै उहाँले रास्वपाले वर्तमान व्यवस्थालाई मानेर जनताको अवस्था बदल्न लागिरहेको बताउनुभयो ।

उहाँले संघीयताबारे पुनर्विचार गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुहुँदै सांसदहरुको संख्या घटाउनुपर्ने बताउनुभयो । आर्थिक अवस्था कमजोर भएको देशमा अहिलेको संख्याको सांसद आवश्यक नपर्ने उहाँको भनाइ छ । उहाँले अर्बौं जनसंख्या रहेको छिमेकी मुलुक भारतमा ५ सयको संख्यामा लोक सभा सदस्य हुने तर तीन करोड जनता रहेको नेपालमा अहिलेको संख्याको सांसद आवश्यक नपर्ने उहाँको भनाइ छ । उहाँले कार्यकर्ताहरुलाई जनताको विश्वास जित्ने काम गर्न पनि आग्रह गर्नुभयो ।

यस्तै नेकपा माओवादी केन्द्रको हेटौंडा उपमहानगर इन्चार्ज प्रल्हाद लामिछानेले नेपाली राजनीतिमा रास्वपाले चाँडै जनताको विश्वास जित्न सकेको बताउनुभयो । जनताले अहिले रास्वपालाई पुराना पार्टीहरुको विकल्पको रुपमा हेरिएको भन्दै उहाँले यो विश्वासलाई जोगाइराख्न आग्रह गर्नुभयो । यदि जनताको विश्वासलाई जोगाउन नसकेकोमा रास्वपाको विकल्प अन्य दल जनताले खोज्ने उहाँको भनाइ छ । यसअघि कुनै समय नेपाली काङ्ग्रेस, माओवादी केन्द्र र नेकपा एमालेलाई पनि जनताले वैकल्पिक दलको रुपमा लिए पनि त्यो जनताको विश्वासलाई जोगाउन नसकेको उहाँले बताउनुभयो । उहाँले अहिले रास्वपा पनि सरकारको विभिन्न महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी सम्हालिरहेको बताउनुहुँदै राम्रा काम गर्न आग्रह गर्नुभयो ।

पार्टी मकवानपुरका सभापति भरत पराजुलीको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, पार्टीका प्रदेश उपसभापति दिनेश हुमागाई, नेकपा एमाले मकवानपुर जिल्ला अध्यक्ष श्रीधर पोखरेल, एकीकृत समाजवादीका अध्यक्ष विष्णु दाहाल, नेपाली कांग्रेसका जिल्ला सचिव भीमसेन महत, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल मकवानपुर जिल्ला अध्यक्ष गुरुप्रसाद सापकोटा, राप्रपाका उपाध्यक्ष अर्जुन प्रसाद गौतम, नेकपा मालेका उपाध्यक्ष हरिकृष्ण अधिकारीको उपस्थिति रहेको थियो ।

# लडेर कुमारको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको दुधौली नगरपालिका–६, हर्षाहिमा भ¥याङबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ५५ वर्षीय पृथ्वी कुमार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

कुमार बुधबार राती १० बजेको समयमा आफ्नै दुईतले घरको माथिल्लो तल्लाबाट तल भ¥याङबाट झर्ने क्रममा अचानक लडेर घाइते भएका थिए । घाइते कुमारलाई उपचारका लागि बिहिवार बिहान ६ बजेको समयमा नगर अस्पताल सिर्थौली लगिएकोमा उपचारका क्रममा बिहान ६ बजेर २० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

## हट्यो बागमती...

सन्तुलित विकास गर्न बजेट कार्यान्वयन गर्नुपर्छ । प्रदेश सरकारले बजेटमा नयाँ कार्यक्रम समावेश गरेको छ', प्रदेश सभा सदस्य देवकोटाले भन्नुभयो, 'प्रदेश सरकारले लगानी बोर्ड गठन, प्रदेश विश्वविद्यालय, वातावरणीय काउन्सिलको व्यवस्था गरेको छ । प्रदेशको गौरवको आयोजना र कृषि क्षेत्रमा बढी लगानी केन्द्रित गर्नुपर्ने देखिन्छ ।'

एमाले बागमती प्रदेश संसदीय दलका नेता मधुसुदन पौडेलले सरकारको बचाउ गर्दै बजेट प्रभावकारी रहेको टिप्पणी गर्नुभयो । उहाँले प्रदेशको समृद्धिका लागि निजी क्षेत्रसँगको समन्वयमा लगानी बढाउने सरकारको तयारी रहेको बताउनुभयो । सरकारले बजेटमार्फत् सन्तुलित विकासको अवधारणा लिएको उहाँको भनाइ छ ।

यता प्रतिपक्षी दल नेमकिपा बागमती प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले बजेटमा भागवण्डाको राजनीति भएको बताउनुभयो । उहाँले बजेटमा सरकारले छलकपटको श्रृंखलालाई निरन्तरता दिएको बताउनुभयो । उहाँका अनुसार प्रदेश सरकारको बजेट बिचौलिया रमाउने गरी आएको छ । 'बजेट विभेदकारीपूर्ण रहेको र प्रदेश सरकारको बजेट ६० प्रतिशत बिचौलियाको पक्षमा भाग परेको छ । यस विषयमा छानविन हुनुपर्छ', गोसाईंले भन्नुभयो ।

प्रतिपक्षी दल राप्रपा संसदीय दलका नेता उद्धव थापाले बजेट कार्यान्वयन हुन सक्ने अवस्था नरहेको बताउनुभयो । प्रदेश सरकारको बजेट पूर्ण असफल र पक्षपातपूर्ण रहेको उहाँको भनाइ छ । सरकार बजेट निर्माणमा विधि र नीति विपरित गएर काम गरिरहेको उहाँले बताउनुभयो । उहाँका अनुसार प्रदेश सरकारको बजेट सर्वपक्षीय र समावेशी ढंगबाट आएको छैन ।

नेमकिपा सांसद सृजना सायजुले बजेटले पूर्णता नपाउँदै रकमान्तरको नाटक भइरहेको बताउनुभयो । बजेट सरकार र मन्त्रीहरुको मात्र पेवा बनिरहेको उहाँले बताउनुभयो । प्रदेश सरकारले घाटाको बजेट ल्याएको उहाँको भनाइ छ । 'बजेट नबन्दै रकमान्तरको नाटक भइरहेको छ । यो सरकारको असफलता हो । जनताको रगत पसिनाको मूल्य जोडिएको राजस्वलाई दल विशेष सम्झनु भ्रष्टाचारी मानसिकता हो', उहाँले भन्नुभयो ।

नेपाली कांग्रेसका प्रदेश सभा सदस्य प्रभात तामाङले जनताको मागका सन्दर्भमा सरकारको ध्यान पुग्न नसकेको बताउनुभयो । कांग्रेसले प्रतिपक्षी भएकै कारण बजेटमाथि विरोध गर्दै प्रदेश सभा बैठक अवरुद्ध नगरेको उहाँले बताउनुभयो । ठोस कारणसहित जनताको आवश्यकतामा आधारित भएर बजेट ल्याउन कांग्रेसले माग गरेको उहाँको भनाइ छ । तामाङका अनुसार कांग्रेसले प्राथमिकतामा राख्नुपर्ने मन्त्रालयको सिलिङ समावेशी गर्नु भनेको हो । जनताले चाहेको विषय सम्बोधन होस् भन्ने कांग्रेसको माग रहेको उहाँले प्रष्ट पार्नुभयो ।

'बजेटमा भौगोलिक समावेशीता कायम गर्नु भन्ने कांग्रेसको माग हो । हामीले नागरिकको आवश्यकताको आधारमा विकास गर्नु भनेका हौं । कृषिलाई प्राथमिकीकरण गरिएको छ । तर, बजेट भने कृषि क्षेत्रको पूर्वाधार विकासमा ३४ करोड रुपैयाँमात्र रहेको छ', प्रदेश सभा सदस्य तामाङले भन्नुभयो, 'आर्थिक वृद्धिका लागि पर्यटन प्रवर्द्धन गर्न भनिएको हो । तर, पर्यटन पूर्वाधारको क्षेत्रमा कुल बजेटको ४३ करोड रुपैयाँ विनियोजन गरिएको छ ।'

# विद्यालयको क्याप्टेनमा कृषा अधिकारी

समाज संवाददाता

हेटौंडाः हेटौंडा–१८, खड्कुलेस्थित मकवानपुर बालविद्या सदन इङ्लिस बोर्डिङ स्कूलको विद्यालय क्याप्टेनमा कृषा अधिकारी चयन हुनुभएको छ । शुक्रबार भएको क्याप्टेन परिषद्को निर्वाचनमा कक्षा ४ देखि कक्षा १० सम्मका विद्यार्थीले मतदान गरेका थिए । करिब २५० विद्यार्थीले मतदान गरेको विद्यालयका सूचना अधिकारी एवम् निर्वाचन अधिकृत स्पन्दन गिरीले जानकारी दिनुभयो ।

निर्वाचन हुनु एकसाता अघि विद्यालयले मतदाताहरुको अघि उम्मेदवारहरुलाई राखेर ककस कार्यक्रमसमेत आयोजना गरेको थियो । कार्यक्रममा उम्मेदवारहरुले आफ्नो आगामी एक वर्षको योजना र प्रतिबद्धता प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा मतदाता विद्यार्थीहरुले उम्मेदवारलाई आफ्ना सरोकारका विषयमा प्रश्नहरुसमेत सोधेका थिए ।

ककस कार्यक्रममा शिक्षक अभिभावक संघका सदस्य आइतमान नेगीको समेत उपस्थिति रहेको थियो । कार्यक्रम विद्यालयको बाल समूहकी अध्यक्ष गृष्मा विश्वकर्माको समाध्यक्षतामा भएको थियो ।

शुक्रबारको सम्पन्न निर्वाचनमा आयुष डंगोल श्रेष्ठ भाइस क्याप्टेनमा चयन हुनुभएको छ । कक्षागत क्याप्टेनमा कक्षा ४ बाट अनमोल पौडेल, कक्षा ५ बाट क्याप्टेनमा आयुष बोहरा, कक्षा ६ को क्याप्टेनमा ईशा अधिकारी चयन हुनुभएको छ । यस्तै, कक्षा ८ मा कुशल खड्का क्याप्टेनको रुपमा चयन हुनुभएको छ । कक्षा ७ का कैलाश थापा, कक्षा ९ की प्रान्सु थापा मगर र कक्षा १० की मेनु थोकर कक्षागत क्याप्टेनमा निर्विरोध चयन हुनुभएको छ ।

विद्यालयमा निर्वाचनको अभ्यास गराउँदै उक्त कार्यक्रम भएको हो । निर्वाचित क्याप्टेनहरूलाई असार ९ गते आइतबार एक कार्यक्रम आयोजना गरी औपचारिक सपथग्रहण र पदस्थापना गाराइने कार्यक्रम रहेको छ ।

शुक्रबारै विश्व संगीत दिवस पनि परेकाले निर्वाचन कार्यक्रमपश्चात् सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो । उक्त सांस्कृतिक कार्यक्रममा विद्यालयको बालसमूहकी अध्यक्ष गृष्मा विश्वकर्माको प्रमुख आतिथ्य रहेको थियो ।

# तिवारी मृत फेला


समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका–५, चरौदीमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा चितवन जिल्लाका २४ वर्षीय शिव तिवारी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बिहिबार बेनिघाट–जनगाउँ जोड्ने भित्रि सडक खण्डको नालीमा तिवारी मृत अवस्थामा फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र गजुरी लगिएको प्रहरीले जानकारी दिएको छ ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

Email:sambridhasamaj@gmail.com

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।




Laya Shrestha



Pradip Adhikari

उत्कृष्ट जापानिज भाषा को लागि IDB Hetauda Education Consultancy !! जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd